राष्ट्रिय बहसमा विषयान्तरको राजनीति (२)

खगेन्द्र कार्की

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

वर्ष-२१ | अंक - २७० | २०८३ कात्तिक ११ गते बुधबार | Wednesday, 28 Oct. 2026 | मूल्य ७ /-

स्थानीय तहमा सक्षम नेतृत्व ल्याउन रास्वपाको कसरत

२० हजारभन्दा बढीको आवेदन

पूर्वसन्देश समाचार

दमक/स्थानीय तहमा सक्षम नेतृत्व ल्याउन रास्वपाको कसरत शुरू गरेका छन् । आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आन्तरिक तयारी थालेको छ भने अन्य दलहरू पनि आन्तरिक तयारीमा जुटेका छन् ।

रास्वपाले उम्मेदवार छनोटको गृहकार्यलाई अरू दलहरू भन्दा रास्वपाले अगाडि बढाएको छ । परम्परागत राजनीतिक दलहरुमा निर्वाचनको मुखमा मात्रै उम्मेदवार छनोट गर्ने र शीर्ष नेताको तजबिजमा टिकट बाँड्ने प्रवृत्ति रहँदै आए पनि रास्वपाले निर्वाचनभन्दा निकै अगाडिदेखि नै 'क्यान्डिडेट क्लब' मार्फत आकांक्षीहरूको खोजी, परीक्षण र प्रशिक्षणको प्रक्रिया थालेको हो ।

सोमबार विराटनगरमा आयोजित स्थानीय तह निर्वाचन केन्द्रित अन्तरक्रियात्मक कार्यक्रममा वडाका सभापतिदेखि नगरपालिका, गाउँपालिका, जिल्ला, प्रदेश, केन्द्रीय नेता, सांसद तथा पार्टीका नेता कार्यकर्ताको सहभागितामा स्थानीय निर्वाचन, उम्मेदवार छनोटको विधि र पार्टीको रणनीतिका बारेमा छलफल भएको बताइएको छ ।

रास्वपाका सचिवालय सदस्य लिमा अधिकारी, सचेतक प्रकाशचन्द्र परियार, केन्द्रीय सदस्य रोहन कार्कीलगायतका नेताले अन्तरक्रियात्मक कार्यक्रमको नेतृत्व गरेका थिए ।

कार्यक्रममा रास्वपाले खुला रूपमा सक्षम व्यक्तिहरूलाई पार्टी राजनीतिमा आकर्षित गर्न 'ल्याटरल इन्ट्री' को नीति पनि अगाडि सारेको जनाएको छ । पार्टी बाहिर रहेका तर समाजमा स्थापित विज्ञ, क्षमतावान र इमानदार व्यक्तिहरूलाई समेत स्थानीय तहको नेतृत्वमा ल्याउने नीति रहेको नेतृत्वले दावी गरेका छन् ।

रास्वपाले स्थानीय तहको उम्मेदवार बन्न चाहने आ˘ना संगठित सदस्यहरूका लागि सुरू गरेको 'क्यान्डिडेट क्लब' मा तल्लो तहबाटै व्यापक आकर्षण देखिएको जनाएको छ । केन्द्रीय सचिवालयका अनुसार गाउँपालिका तहमा मात्रै हालसम्म करिब २० हजारभन्दा बढीले उम्मेदवारीका लागि आवेदन दिइसकेका छन् ।

नगरपालिकाको प्रक्रिया सम्पन्न भएपछि अन्य ठुला तहमा पनि आवेदन खुला गरिने उनले जनाइएको छ । रास्वपाले यसपटक स्थानीय तह निर्वाचनमा टिकट वितरण गर्दा कुनै नेताको सिफारिस वा भनसुन नचल्ने दाबी गरेको छ । उम्मेदवार छनोटका लागि पार्टीले चार वटा मुख्य खम्बा तय गरेको छ, जसमा राजनीतिक

बाँकी ४ पेजमा ▸▸

झापामा तीन लाख बढीका पटका बरामद

दमक/ झापामा चाडपर्वलक्षित गरी भारतबाट अवैध रूपमा नेपाल ल्याउन खोजिएका तीन लाखभन्दा बढी मूल्यका पटका बरामद गरी नष्ट गरिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं २ गण झापा तथा मातहतका कार्यालयले सीमा नाका र चेकपोइन्टमा गस्ती तथा जाँच गर्ने क्रममा तीन लाख १६ हजार ५९० मूल्य बराबरका पटका बरामद गरेको हो ।

बरामद गरिएका पटका स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरी र स्थानीय भद्रभलाद्मीको रोहवरमा नष्ट गरिएको सशस्त्र प्रहरीले जनाएको छ । पटका ओसारपसारमा प्रयोग गरिएको एउटा मोटरसाइकलसमेत नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाइएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं २ गणका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक सुजित विष्टका अनुसार चाडपर्वका समयमा हुन सक्ने चोरीपैठारी तथा अवैध गतिविधि नियन्त्रण गर्न सीमा क्षेत्रमा गस्ती, निगरानी र सवारीसाधन जाँचलाई तीव्रता दिइएको छ ।

२२ विपद्का घटना, करोडौंको क्षति

झापा/ झापामा गत असोज महिनामा भएका २२ वटा विपद्का घटनाबाट रु १० करोडभन्दा बढीको भौतिक क्षति भएको छ। आगलागी, जंगली जनावरको आक्रमण र चट्याङका घटनामा ठूलो आर्थिक नोक्सानी हुनुका साथै मानवीय जोखिमसमेत देखिएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार असोज महिनामा भएका विपद्का घटनामध्ये आगलागीबाट

बाँकी ४ पेजमा ▸▸

४ सचिवसहित ४६४ कर्मचारीले दिए राजीनामा

दमक/ गत साउन १ गते आर्थिक वर्ष सुरु भएदेखि आजसम्म ४ सचिवसहित ४६४ कर्मचारीले राजीनामा दिएका छन्। राष्ट्रिय किताबखाना (निजामती)ले दिएको जानकारी अनुसार राजपत्र र अंगिकृतका कर्मचारीले राजीनामा दिएका हुन् ।

किताबखानाका निर्देशक तथा सूचना अधिकारी सुदन श्रेष्ठका अनुसार राजपत्राङ्कित २०७ जना र अंगिकृत २५७ कर्मचारीले पदबाट राजीनामा दिएका हुन्। किताबखानाका अनुसार राजीनामा दिने कर्मचारीमा ४ सचिव, ३३ सहसचिव, ७२ उपसचिव र ९८ शाखा अधिकृत तहका कर्मचारी छन्।

त्यस्तै राजीनामा दिन कर्मचारीमा १३७ जना खरदार तथा नायब सुब्बा तहका कर्मचारी छन्। त्यस्तै १२० जना श्रेणीविहीन कर्मचारी छन्। सरकारले प्रतिनिधि सभामा दर्ता गरेको निजामती कर्मचारी विधेयकमा विधेयक कार्यान्वयनमा आउने बेलामा पहिलो पटक ३० वर्ष सेवा

बाँकी ४ पेजमा ▸▸

कांग्रेसका केन्द्रीय सदस्यको सपथ कात्तिक १२ गते

दमक/ नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको शपथ ग्रहण समारोह कात्तिक १२ गते हुने भएको छ। नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिले सोमबार सूचना जारी गर्दै नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूको शपथ ग्रहण कार्यक्रम कात्तिक १२ गते अपराह्न २ बजे आयोजना गरिने जानकारी दिएको हो।

समितिका अनुसार शपथ ग्रहण समारोह ललितपुरको सानेपास्थित बीपी स्मृति भवनमा रहेको नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा हुनेछ। केन्द्रीय निर्वाचन समितिले नवनिर्वाचित केन्द्रीय कार्यसमितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई निर्धारित समयमा शपथ ग्रहण कार्यक्रममा उपस्थित हुन अनुरोध गरेको छ।

बाँकी ४ पेजमा ▸▸

धान किसानलाई कृषि विकास कार्यालयको आग्रह

दमक/ कृषि विकास कार्यालय धादिङले सम्भावित मौसमको अवस्थाको जानकारी लिएर मात्र धान काट्न तथा भित्र्याउन कृषकलाई आग्रह गरेको छ। कार्यालयले जारी गरेको 'धानबाली काट्ने तथा भित्र्याउने सम्बन्धी' सूचनामा यही कात्तिक ११ देखि १५ गतेसम्म देशका विभिन्न स्थानमा हल्कादेखि भारी वर्षाको सम्भावना रहेको उल्लेख छ। वर्षाबाट धानबालीमा क्षति हुन नदिन विशेष सावधानी अपनाउन अनुरोध गरिएको छ।

पाकिसकेको धान मौसमको अवस्था हेरेर आजसम्म भित्र्याइसक्न वा कात्तिक १५ गतेपछि मात्र काट्न कार्यालयले सुझाएको छ। तत्काल भित्र्याउन नसकिने धान भने मौसममा सुधार आएपछि मात्र काट्ने गरी समय मिलाउन कृषकलाई आग्रह गरिएको छ।

धान नपाकेका खेतमा कुलो वा नाली काटेर तत्काल पानी निकासको व्यवस्था गर्न पनि अनुरोध गरिएको छ। हावाहुरी वा पानीका कारण धान ढलेको भए बाला पानीमा डुब्न नदिन मुठो पारेर ठड्याउने वा अग्लो ठाउँमा राख्ने प्रयास गर्न कार्यालयले कृषकलाई आग्रह गरेको छ।

अध्यक्ष गुरागाईंले दिए राजीनामा

__दमक__/ कोशी प्रदेश लोक सेवा आयोगका अध्यक्ष महेन्द्रप्रसाद गुरागाईंले पदबाट राजीनामा दिएका छन्। पदको दुरुपयोग गरेको आरोप लागेपछि उनले मंगलबार पदबाट राजीनामा दिएका हुन्।

उनले कात्तिक १६ गतेदेखि लागू हुने गरी प्रदेश प्रमुख परशुराम खापुङसमक्ष राजीनामा बुझाएका छन्। उनको राजीनामा

बाँकी ४ पेजमा ▸▸

दमकमा पाँचतारे होटल सञ्चालनको तयारीमा

दमक/ झापाको दमकमा पर्यटन, आतिथ्य सेवा, मनोरञ्जन र व्यावसायिक गतिविधिलाई नयाँ उचाइमा पुर्याउने लक्ष्यसहित शिवानी होलिडेज इन एन्ड सुइट्स सञ्चालनको तयारीमा जुटेको छ। दमक-९, जेसीज मार्गमा स्थापना भइरहेको यस पाँचतारे होटलले आधुनिक आतिथ्य सेवासहित नाइट क्लब र मनोरञ्जनका सुविधा उपलब्ध गराउने तयारीका साथ परियोजना निर्माण कार्य धमाधम भइरहेको हो।

शिवानी होटलका सञ्चालक शिव शाहले यस परियोजनाको निर्माण कार्य लगभग अन्तिम चरणमा पुगेको छिट्टै सञ्चालनको लागि आवश्यक तयारी थालिएको जानकारी दिए।

सप्तकोशीमा बेपत्ता भएका तीनजना अझै भेटिएनन्

__सुनसरी__/ धनकुटाको साँगुरीगढी गाउँपालिका- १०, त्रिवेणीको कोप्चेमा सप्तकोशी नदीमा आइतबार मोटरबोट दुर्घटना हुँदा बेपत्ता भएका तीनजना अझै फेला परेका छैनन्। जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) नारायण रन्जितकारका अनुसार बेपत्ताहरूको खोजीका लागि दुर्घटना स्थलदेखि सुनसरीको बराहक्षेत्रसम्म प्रहरी परिचालन गरिएको छ। तरपनि उनीहरु फेला पर्न नसकेको उनको भनाइ छ। 'सशस्त्र प्रहरीको गोताखोर टोलीसहित खोजी गरिरहेका छौं। सोमबार दिनभर खोज्दा पनि फेला पार्न सकेनौं,' उनले भने।

बेपत्ता हुनेमा झापाको कन्काई नगरपालिका- ४ की

बाँकी ४ पेजमा ▸▸

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !

आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने, वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ।

सेवामा आवद्ध डाक्टरहरु

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल

दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादकीय

दुर्घटना न्यूनिकरण आवश्यक

कोशी प्रदेशका सडकहरुमा जुन कहालीलाग्दो दृश्य देखियो, त्यसले हामीलाई फेरि एकपटक गम्भीर बनाएको छ । यस १४ दिनको अवधिमा प्रदेशका १४ जिल्लामा भएका ४१३ वटा सवारी दुर्घटनामा २२ जनाले ज्यान गुमाएका छन् भने ७४६ जना घाइते भएका छन् । चाडपर्वको उल्लासलाई मौसमी खुसी मान्नेहरुका लागि यो तथ्यांक केवल केही अंक होइन, परिवारका आफ्ना प्रियजन गुमाउनुका पीडा र समाजका लागि ठूलो क्षति हो ।

उपलब्ध विवरण अनुसार मोरङमा सबैभन्दा बढी १७० वटा दुर्घटना र २९१ जना घाइते हुँदा सुनसरीमा भने मानवीय क्षति (१० जनाको मृत्यु) सबैभन्दा उच्च देखिएको छ । झापा र उदयपुरमा पनि ठूलो संख्यामा दुर्घटना र मानवीय क्षति भएको छ । यता, इलाममा बोलेरो दुर्घटनाबाट एक युवा चालकले ज्यान गुमाउनु पऱ्यो भने तेह्रथुमबाहेक अन्य पहाडी जिल्लाहरुमा पनि यातायातका साना–ठूला दुर्घटनाहरु दोहोरिएका छन् । यी तथ्यांकहरुले देखाउँछन् कि दुर्घटना कुनै एक क्षेत्र वा भूगोलमा मात्र सीमित छैन, यो समग्र यातायात प्रणाली, चालकको अनुशासन र सडकको अवस्थासँग जोडिएको प्रदेशव्यापी समस्या हो ।

चाडपर्वका बेला सडकहरुमा सवारीसाधनको चाप बढ्नु स्वाभाविक हो । तर, चापलाई बहाना बनाएर तीव्र गतिमा गाडी कुदाउने, क्षमताभन्दा बढी यात्रु तथा भार बोक्ने, मादक पदार्थ वा नशालु पदार्थ सेवन गरी सवारी हाँक्ने र ट्राफिक नियमको धज्जी उडाउने प्रवृत्ति नै दुर्घटनाका मुख्य कारक हुन् । सार्वजनिक यातायातमा लापरबाही बढ्दा चालक आफैँ र निर्दोष यात्रुहरु समेत सिकार बन्न पुगेका छन् । ३६ जना गम्भीर घाइते र ७१० जना सामान्य घाइते हुनु भनेको हाम्रो कमजोर सडक सुरक्षा व्यवस्थाको सिधा ऐना हो ।

अब पनि यसलाई सामान्य 'मौसमी दुर्घटना' वा 'दैवको लीला' भनेर पन्छाउने छुट राज्य, सम्बन्धित निकाय र नागरिक कसैलाई पनि छैन । दुर्घटना न्यूनीकरणका लागि कागजी नियम र औपचारिकताले मात्र पुग्दैन । सम्बन्धित चालकले समेत ध्यान दिन जरुरी छ ।

राष्ट्रिय बहसमा विषयान्तरको राजनीति

- एउटा मुद्दा ओझेलमा किनारा नलागी अर्को विवाद चर्चामा, तर जवाफदेहिताको प्रश्न उस्तै - घटनाको भीडमा हराउँदै जवाफदेहिता - नेपाली राजनीति र विषयान्तरको चक्र-: भोटेकोशीको बाढी, जीबी राईको अडियो हुँदै दशैंसम्मका घटनाक्रम एउटा मुद्दा सेलाउन नपाउँदै अर्को घटना चर्चामा ।

खगेन्द्र कार्की

नेपाली राजनीतिमा एउटा गम्भीर प्रवृत्ति देखिँदैछ- "राष्ट्रिय महत्वको एउटा मुद्दा सार्वजनिक बहसको केन्द्रमा आउँछ, त्यसको निष्कर्ष निस्कन नपाउँदै अर्को घटना चर्चामा छाउँछ ।" केही दिनपछि अघिल्लो मुद्दाको चर्चा घट्छ र नयाँ घटनाले राजनीतिक तथा सञ्चारमाध्यमको ध्यान तान्छ । यसरी घटनाहरु बदलिइरहँदा नागरिकले उठाएका प्रश्नको जवाफ भने अधुरै रहने जोखिम बढ्छ । प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकार बनेपछिको घटनाक्रमलाई यही दृष्टिकोणबाट हेर्न र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

सरकार गठनसँगै सुशासन, भ्रष्टाचार नियन्त्रण, संसदीय अभ्यास र जेनजी आन्दोलनमा भएको मानवीय क्षतिको अनुसन्धानबारे बहस सुरु भयो । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेपछि राजनीतिक जवाफदेहिताको विषय फेरि चर्चामा आयो । तर पक्राउ, हिरासत, अदालतका आदेश र अनुसन्धानसम्बन्धी विवादबीच आन्दोलनमा भएको मृत्युको जिम्मेवारी र अनुसन्धानको अन्तिम निष्कर्षबारे प्रश्न कायम रहे । त्यसपछि अन्य घटनाले सार्वजनिक बहसको प्राथमिकता बदल्दै लगे ।

महिला तथा बालिकामाथिका जघन्य अपराधले पनि देशलाई स्तब्ध बनायो । सुर्खेतकी १६ वर्षीया इनिशा बीकेको मृत्यु र बाराकी बालिका गरिमा चौधरीको बलात्कारपछि हत्याका घटनाले न्याय, प्रहरी अनुसन्धान र बालसुरक्षामाथि गम्भीर प्रश्न उठाए । इनिशाको घटना बालेन प्रधानमन्त्री बन्नुअघि, २०८२ फागुन २३ मा भएको थियो । तर त्यसको अनुसन्धान र न्यायको माग नयाँ सरकारको कार्यकालमा पनि चर्चामा रह्यो । गरिमाको घटनापछि स्थानीय प्रदर्शन र दोषीमाथि कारबाहीको माग चर्कियो । यी घटनाले केही समय राष्ट्रिय ध्यान ताने पनि पीडित परिवारले न्याय पाउने प्रक्रिया निरन्तर निगरानीमा रहनु आवश्यक छ ।

यसको उदाहरण भोटेकोशीको विनाशकारी बाढी हो । २०८३ भदौमा आएको बाढीले जनधनको क्षति गऱ्यो, मानिसहरु बेपत्ता भए र परिवारहरु आफन्तको खोजीमा प्रतीक्षारत रहे । घर, सडक, पुल र जलविद्युत् संरचनामा क्षति पुग्दा प्रभावित नागरिकको पुनःस्थापना, राहत र खोजी कार्य मुख्य राष्ट्रिय मुद्दा बन्नुपर्ने थियो । तर २०८३ असोज ९ मा प्रधानमन्त्री बालेन शाहले संयुक्त राष्ट्रसंघको महासभामा नेपालको जलवायु जोखिम र विपत्तिबारे धारणा राखेपछि सार्वजनिक बहसको एउटा हिस्सा अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रस्तुति र कूटनीतिक उपलब्धितर्फ सऱ्यो ।

प्रधानमन्त्रीले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको विपत्तिबारे बोल्नु आफैँमा गलत होइन । प्रश्न भनेको स्वदेशमा बेपत्ता नागरिकका परिवारले खोजीको प्रगति कति स्पष्ट रुपमा पाइरहेका थिए भन्ने हो । प्रधानमन्त्री विदेशमा रहँदा वा फर्किएपछि खोजीकार्य तिव्रता क्रमस सुस्ताउँदै शुन्यतामा पुग्यो । तर प्रभावित परिवारका समस्या भाषण र कूटनीतिक प्रयास समाचारको छायामा नपरुन् भन्ने अशायलाई गलत मान्न सकिन्न । विपत्तिबारे अन्तर्राष्ट्रिय समर्थन जुटाउनु र देशभित्र उद्धार तथा पुनःस्थापना सुनिश्चित गर्नु सरकारका समानान्तर जिम्मेवारी हुन् ।

भोटेकोशीको विपत्तिबारे बहस जारी रहँदै गोर्खा क्षेत्रमा अर्को बाढीले क्षति पुऱ्यायो । असोज २५ गते आएको सो बाढीले मानविय क्षति नभएपछि धेरै पुल र घरहरु बगाएको थियो । यो विषयले पनि अघिल्लो भदौ १० को भोटेकोशीको रसुवा-त्रिशुली करिडोरको विपत्तिका प्रभावित परिवारको राहत, बेपत्ताको खोजी र पुनःस्थापनाको प्रश्नलाई ओझेलमा पार्ने जोखिम रह्यो ।

सहकारी ठगी प्रकरणमा जीबी राईसँग सम्बन्धित भनिएको अडियो सार्वजनिक हुँदा पनि सार्वजनिक बहसले नयाँ मोड लियो । सहकारीका बचतकर्ताको रकम हिनामिनासम्बन्धी आरोप, फरार अभियुक्तको खोजी र रकम फिर्ताको विषय फेरि चर्चामा आयो । २०८३ असोज ३१ मा सार्वजनिक भएको भनिएको अडियोको प्रामाणिकता पुष्टि नभएसम्म त्यसमा व्यक्त विचारलाई प्रमाणित तथ्य मान्न मिल्दैन । तथापि यस्तो समाचारले ध्यान तान्दा पनि मूल प्रश्न बचतकर्ताको रकम कसरी फिर्ता हुन्छ, अनुसन्धान कहाँ पुगेको छ र जिम्मेवार व्यक्तिमाथि कानुनी प्रक्रिया कति अघि बढेको छ भन्ने हो ।

सुन तस्करीका घटनाले पनि राज्यको अनुसन्धान र नियमन प्रणालीमाथि प्रश्न उठाउँछन् । सुन बरामद हुनु प्रहरीको कामको एउटा परिणाम हो; तर तस्करीको सञ्जाल, आर्थिक स्रोत, सम्भावित संरक्षण र अभियोजनको अन्तिम परिणाम सार्वजनिक हुनु अझ महत्वपूर्ण छ । प्रत्येक नयाँ बरामद केही दिनको समाचार बनेर हराउने तर तस्करी दोहोरिने संरचनागत कारणबारे निरन्तर बहस नहुने अवस्था चिन्ताजनक हो ।

भदौ १० र असोज २५ को अकल्पनीय बाढीकै मौकामा भएका ठूला सुन तस्करको जालोले पनि जनताको मुद्दा विषयान्तरमा ठूलो मद्दत पुऱ्यायो । बुढानीलकण्ठको २१.७५ किलो सुन बरामद हुनुभन्दा केही समय अगाडि काठमाडौंमै अर्को एउटा ठूलो र अचम्मको छापा मारिएको थियो । प्रहरीले काठमाडौंको गोंगबु क्षेत्रमा एक निजी घरमा छापा मारेर ९.८ किलो सुनका गहना, ३.२ किलो चाँदी र ४ करोड २५ लाख रुपैयाँ नगद बरामद गरेको थियो ।

यहाँ प्रत्येक घटनालाई योजनाबद्ध रुपमा विषयान्तर गर्न ल्याइएको हो भन्न पनि पछि नपर्ने स्थिति देखिएको छ किनकी संसदको रोष्ट्रमबाट बाढी कसरी आयो ? भनेर सोध्ने सांसद पनि छन् । सामाजिक सञ्जालमा ट्रोल बनेको यो विषयका अगाडि सुनकाण्ड पनि नियोजित रुपमा विषयान्तरका लागि ल्याएको भनेर आरोप नलाग्ने भन्ने छैन तर पनि कुनै नयाँ मुद्दा आएर पुराना घटना वा मुद्दाको चर्चापछि त्यसको अनुगमन कमजोर हुने समस्या वास्तविक हुन सक्छ । त्यसैले सरकारले अनुसन्धान, राहत वितरण, पुनःस्थापना र कानुनी कारबाहीको प्रगति नियमित सार्वजनिक गर्नुपर्छ । संसद्, सञ्चारमाध्यम र नागरिक समाजले पनि पुराना मुद्दाको निरन्तर अनुगमन गर्नुपर्छ ।

अन्ततः समस्या घटनाहरु धेरै हुनु होइन; एउटा घटना समाधान नहुँदै अर्को घटनाले त्यसको जवाफ खोज्ने क्रम रोक्नु हो । भोटेकोशीका प्रभावित परिवार, गोर्खाका बाढीपीडित, न्यायको प्रतीक्षामा रहेका अपराधपीडित र सहकारीका बचतकर्तालाई समाचारको शीर्षक फेरिनु समाधान होइन । उनीहरुलाई न्याय, राहत र स्पष्ट जवाफ चाहिएको छ । राष्ट्रिय बहसको विषय बदलिन सक्छ, तर राज्यको जिम्मेवारी बदलिनु हुँदैन ।

पर्यटन तथा सांस्कृतिक मेलाको तयारी

ताप्लेजुङ/ पर्यटन प्रवर्धन तथा विकासमा टेवा दिने उद्देश्यले तेस्रो फुङफुङदेन झरना पर्यटन तथा सांस्कृतिक मेलाको तयारी गरिएको हो । ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा फुङफुङदेन झरना पर्यटन तथा सांस्कृतिक मेलाको तयारी गरिएको छ ।

आयोजक फङ्फङदेन झरना पर्यटन विकास समितिले सदरमुकाम फुङ्लिङमा सोमबार पत्रकार सम्मेलन गर्दै मेलाबारे जानकारी गराएको हो । आयोजक समितिका अध्यक्ष विजयप्रकाश साँवा लिम्बुका अनुसार आगामी मङ्सिर २ देखि ६ गतेसम्म मेला आयोजना गर्नेगरी तयारी गरिएको छ ।

मिक्वाखोला गाउँपालिका-४ साँवामा अवस्थित फुङ्फुङ्गे झरनाको प्रवर्धन र प्रचारप्रसार गरी पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्ने मुख्य उद्देश्यले मेला आयोजना गर्न सुरु गरिएको समितिका अध्यक्ष साँवाले बताए । पर्यटनसँगै लघुउद्यम तथा परम्परागत उत्पादनको बजारीकरण गर्ने र पर्यटनमैत्री गतिविधि गर्दै सिङ्गो जिल्लाकै पर्यटन विकासका लागि जिल्लावासीलाई जागृत गराउने उद्देश्यसमेत राखिएको साँवाले बताए ।

यसैगरी मेलाको माध्यमबाट फुङ्फुङ्गे झरनासँगै मिक्वाखोलाभित्र रहेका तोक्पेगोला, सोदुपोखरी, वाग्मा पोखरी, लोदेन क्षेत्रसहित अन्य पर्यटकीय गन्तव्यको प्रचारप्रसारमा टेवा दिने लक्ष्य रहेको समितिका अध्यक्ष साँवाको भनाइ छ । मेलामा फुङ्फुङ्गे झरनाको सौन्दर्य प्रवर्धन, सांस्कृतिक कार्यक्रम, लघु उद्यम, कृषि तथा मौलिक परम्परागत उत्पादनहरुको प्रदर्शनी रहने छ ।

मेलाको मुख्य आकर्षणका रुपमा पुरुष फुटबल प्रतियोगिता रहेको छ । फुटबल प्रतियोगितामा जिल्लाभित्र र झापा, सुनसरी, पाँचथरलगायत जिल्लाका गरी आठ टोलीलाई सहभागी गराइने आयोजकले जानकारी दिएको छ । फुटबल विजेतालाई ट्रफी, पदक र प्रमाणपत्रसहित तीन लाख दुई हजार ८३ र उपविजेतालाई एक लाख ५२ हजार ८३ रुपैयाँ बराबरको अलैँची पुरस्कार प्रदान गरिने समितिका अध्यक्ष साँवाले जानकारी दिए ।

यता मेला सम्पन्न गर्नका लागि १९ लाख ५० हजार ११२ रुपैयाँ खर्च हुने अनुमान गरिएको मेला सञ्चालन समितिका आर्थिक व्यवस्थापन उपसमिति संयोजक सुकबहादुर साँवाले जानकारी दिए । उपसमिति संयोजक साँवाका अनुसार मिक्वाखोला गाउँपालिका, ४ नम्बर वडा साँवा, विभिन्न जलविद्युत कम्पनीको आर्थिक सहयोग रहने छ भने अन्य दाताहरुबाट सहयोग संकलन गर्ने आयोजकले योजना बनाएको छ ।

देउवा पक्षले आठ जिल्लामा छान्यो सभापति
संस्थापनको अधिवेशनमा हारेकालाई तान्ने रणनीति

दमक/ शेरबहादुर देउवाको संरक्षणमा रहेको नेपाली कांग्रेस असन्तुष्ट समूहले देशभर समानान्तर अधिवेशनका गतिविधिलाई जारी राखेको छ ।रू काठमाडौंको चुनदेवीमा सम्पर्क कार्यालय स्थापना गरेर समानान्तर गतिविधि गरिरहेको समूहले हालसम्म ८ जिल्लामा नेतृत्व चयन गरिसकेको छ ।

गएको पुसमा भएको विशेष महाधिवेशनपश्चात् कांग्रेसभित्र दुई समूह छ । गगन थापा नेतृत्वको संस्थापन समूहले गएको असोज १८-२३ सम्म पार्टीको १५ औं महाधिवेशन सम्पन्न गरिसकेको छ । उक्त महाधिवेशनबाट थापा चुनावी प्रक्रियाबाट चयन हुँदै कम्तीमा ४ वर्षका लागि सभापति बनेका छन् । असन्तुष्ट समूहले उक्त महाधिवेशनलाई वैधानिकता दिएको छैन । पूर्वमहामन्त्री शशांक कोइरालालाई नेता बनाएर समूहले वडा तहबाटै अधिवेशन कार्यालय अगाडि बढाइरहेको छ ।

यो समूहले पार्टीबाट निर्वाचित भएका जनप्रतिनिधि, प्रतिनिधिसभा प्रदेश तथा राष्ट्रियसभा सदस्यहरुलाई पनि स्वतः महाधिवेशन प्रतिनिधि बनाउने निर्णय गरेको छ । त्यसैले पनि उत्साहका साथ नेता कार्यकर्ताहरुले महाधिवेशन प्रकृयामा भाग लिइरहेको समूहका नेताहरु दाबी गर्छन् ।

दुई निर्वाचन क्षेत्र रहेको इलाममा अधिवेशन गराउने जिम्मा पाएकी नेतृ सुजता परियार जिल्लामा वडा, पालिका, प्रदेशसभा निर्वाचन क्षेत्र हुँदै दुवै प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन सम्पन्न भइसकेको दाबी गर्छिन् । 'क्षेत्रीय अधिवेशनसम्म सम्पन्न गरेर काठमाडौं आउँदै छु,' उनले भनिन्, 'बल्ल दशैं सकिँदै छ । जिल्ला अधिवेशनबारे छलफल गरेर केही दिनभित्रै सम्पन्न गर्ने तयारीमा हामी छौं ।'

यी हुन् ८ जिल्ला सभापति

यसअघि लोकान्तरसँग कुरा गर्दै समूहको तर्फबाट निर्वाचन समिति संयोजक रहेका वरिष्ठ अधिवक्ता एगराज पोखरेलले २१ जिल्लामा अधिवेशन सम्पन्न भइसकेको दाबी गरेका थिए । उनले एक मात्र निर्वाचन क्षेत्र भएका १७ जिल्लाको जिल्ला तहकै अधिवेशन सम्पन्न भइसकेको दाबी गरेका थिए ।

तर, समूहले नै पठाएको पछिल्लो तथ्यांकअनुसार ८ जिल्लामा मात्र जिल्ला तहको नेतृत्व चयन भएको उल्लेख छ । कास्कीको महाधिवेशन गराउने जिम्मा पाएका नेता गुरु बराल जिल्ला अधिवेशनका लागि आफू छलफलमा रहेको जानकारी दिए । 'दशैं मनाउन जिल्ला आएको छु । जिल्ला अधिवेशन पनि सकेर फर्किने भनेर साथीहरुसँग संवाद गर्दै छु,' उनले भने ।

निर्वाचन समितिका अनुसार हालसम्म ८ जिल्ला सभापति चयन भएका छन् । जसमा संखुवासभामा रामकुमार जीसी, डोटीमा विजय खड्का, डोल्पामा देउप्रसाद बुढा जिल्ला सभापति चयन भएका छन् ।

यसबाहेक हुम्लामा सूर्यबहादुर शाही, जुम्लामा नेत्रकला शाही, मुगुमा तिलकबहादुर महत चयन भएका छन् । रुकुम पश्चिममा नन्दबहादुर विष्ट र कालिकोटमा नरेन्द्र विष्ट जिल्ला सभापति चुनिएका छन् ।

देउवा समूहले हाले सम्पन्न कांग्रेसको महाधिवेशनमा पराजितहरुलाई आ' नो पक्षमा तान्ने रणनीति बनाएको छ । 'विशेष महाधिवेशन पक्षधरले भर्खरै गरेको महाधिवेशनमा असन्तुष्ट बनेकाहरु हामीतर्फ आकर्षित भइरहेका छन्, जिल्ला-जिल्लामा हाम्रो पक्षमा उत्साह छ,' असन्तुष्ट पक्षका एक नेताले लोकान्तरसँग भने ।

अधिवेशनको अवस्था, यस्तो छ प्रदेशगत विवरण

पार्टी निर्वाचन समितिले दिएको जानकारीअनुसार ६ हजार १०७ वडा तहको अधिवेशन कार्य सम्पन्न भएको छ । ७५३ स्थानीय तहमध्ये ४८० पालिकाको अधिवेशन सम्पन्न भएको छ । १७० प्रदेशसभा निर्वाचन क्षेत्र तथा १६५ मध्ये ८५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रको पनि अधिवेशन सम्पन्न भइसकेको छ ।

प्रदेशगत विवरणअनुसार कोशी प्रदेशमा १ जिल्लासहित १३७ पालिका मध्ये ८९ पालिका, ५६ मध्ये ३४ प्रदेशसभा निर्वाचन क्षेत्र, २८ मध्ये १७ प्रतिनिधिसभा निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न भएको छ ।

यस्तै, मधेश प्रदेशमा १३६ पालिका मध्ये ५४ पालिकामा अधिवेशन सम्पन्न भएको छ । यसबाहेक प्रदेश अन्तर्गत ६४ प्रदेशसभा निर्वाचन क्षेत्र मध्ये २६ तथा ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्र मध्ये १३ क्षेत्रमा अधिवेशन भएको छ । मधेशको कुनै पनि जिल्ला तहको अधिवेशन भएको छैन ।

बागमती प्रदेशअन्तर्गत ११९ पालिका मध्ये ५५ मा अधिवेशन भएको छ । ६६ प्रदेशसभा निर्वाचन क्षेत्र मध्ये ४० तथा ३३ प्रतिनिधिसभा निर्वाचन क्षेत्र मध्ये २० मा अधिवेशन भएको छ । बागमती प्रदेशमा पनि कुनै पनि जिल्लामा अधिवेशन भएको छैन ।

गण्डकी प्रदेशभित्र पनि ८५ पालिका मध्ये ३५, ३६ प्रदेशसभा निर्वाचन क्षेत्र मध्ये १३, १८ प्रतिनिधिसभा निर्वाचन क्षेत्र मध्ये ७ मा अधिवेशन भएको छ ।

लुम्बिनी प्रदेशमा पनि १०९ पालिका मध्ये ८६, ५२ प्रदेशसभा निर्वाचन क्षेत्र मध्ये २४, २६ प्रतिनिधिसभा निर्वाचन क्षेत्र मध्ये १२ मा अधिवेशन भएको छ ।

कर्णाली प्रदेशभित्र भने १० मध्ये ४ जिल्लाको अधिवेशन सम्पन्न भइसकेको छ । यसबाहेक ७९ पालिका मध्ये ५५ मा, २४ प्रदेशसभा क्षेत्र मध्ये १४ मा, १२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये ७ मा अधिवेशन सम्पन्न भएको छ ।

शेरबहादुर देउवाको गृह प्रदेश सुदूरपश्चिममा भने ९ मध्ये १ जिल्ला तहको अधिवेशन सम्पन्न भएको छ । यसबाहेक प्रदेशमा ८८ मध्ये ६६ पालिका, ३२ प्रदेशसभा निर्वाचन क्षेत्र मध्ये १८ मा, १६ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये ९ मा अधिवेशन सम्पन्न भइसकेको छ ।

समूहको १५ असोजबाट वडा अधिवेशन शुरु भएको हो । समूहले बनाएको कार्यतालिका अनुसार २० असोजमा गाउँ नगर अधिवेशन गर्ने तथा २३ असोजमा प्रदेश र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन गर्ने तयारी थियो ।

यस्तै, १५ कार्तिकसम्म जिल्ला अधिवेशन सम्पन्न गर्ने, ४ मंसिरमा प्रदेश र २१, २२ र २३ मंसिरमा काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने तयारी समूहको छ ।

शिवसताक्षीमा सामूहिक फूलखेती

स्थानीय उत्पादनले बजारको माग धान्ने अपेक्षा

दमक /चाडबाड भन्ने वित्तिकै हाम्रो समाजमा फूलको विशेष महत्व रहन्छ । यो समयमा बारीका कान्ला र करेसामा फूल फुलेको घर कमै होलान । पछिल्लो समय त ढलान भएका घरका छतमा पनि ढकम्क्क फूल फुलेको देखिन्छ ।

झापाको शिवसताक्षी नगरपालिका(१० ट्याक्रमका बारीभरि फुलेका सयपत्रीले तिहार आगमनको मात्र संकेत गर्दैनन्, आफ्नै श्रमबाट आम्दानी गर्ने स्थानीय महिलाको सपना पनि उजागर गर्छ ।

एकातिर आफ्नै गाउँमा रोजगारीको अवसर, अर्कोतिर सामूहिक प्रयासबाट आत्मनिर्भर बन्ने आशा । यही उद्देश्यसहित स्थानीय महिलाले छ का जमिनमा १० हजार सयपत्रीका बिरूवा हुर्काएका छन् । फूल राम्रोसँग फुलेपछि उनीहरु यस वर्ष तिहारमा राम्रो आम्दानी हुने अपेक्षामा छन् ।

सयपत्री फूल कृषक आमासमूह गठन गरेर सुरु गरिएको खेतीमा करिब २५ हजार लगानी गरिएको छ । समूहकी संयोजक कविता बस्नेतका अनुसार यस वर्ष फूल बिक्रीबाट तीन लाखसम्म आम्दानी हुने अनुमान गरिएको छ । "फूलखेतीबाट राम्रो आम्दानी हुने अपेक्षा गरेका छौँ", बस्नेतले भनिन् ।

तिहार नजिकिँदै गर्दा समूहका सदस्यलाई फूल टिप्ने, माला उन्ने र बिक्रीको तयारी गर्ने चटारो छ । एउटा माला १०० देखि १५० सम्ममा बिक्री हुने अपेक्षा छ ।

सामूहिक फूलखेतीले महिलालाई घरायसी जिम्मेवारीसँगै आयआर्जनमा जोडिने अवसर दिएको छ । खेतीको स्याहारदेखि माला तयार पार्नेसम्मका काममा समूहका सदस्य जुटेका छन् । तर फूल उत्पादन गर्नुमात्र पर्याप्त हुँदैन । समयमै बिक्री गर्न नसके फूलको गुणस्तर घट्ने र आम्दानीमा असर पर्ने जोखिम रहन्छ । सम्भावित वर्षाबाट फूल जोगाउन समूहले माला उनेर कोल्ड स्टोरमा भण्डारण गर्ने तयारी गरेको संयोजक बस्नेतले बताइन् ।

तिहारमा पूजाआजा, घर सजावट र मालाका लागि सयपत्रीको माग बढ्छ । स्थानीयस्तरमै उत्पादन गर्नसके बाहिरबाट फूल ल्याउनुपर्ने बाध्यता कम हुने र स्थानीय किसानलाई राहत पुग्न जान्छ ।

शिवसताक्षी नगरपालिकाका नगरप्रमुख मेगाहाङ थोप्राले फूलखेतीले स्थानीय महिलाको आयआर्जन बढाउनुका साथै स्थानीय उत्पादनको प्रवर्द्धनमा सहयोग पुग्ने बताए ।

उनका अनुसार नगरपालिकाले फूलखेतीलाई प्रोत्साहन गर्न बिरूवा खरिदमा सहयोग गरेको थियो । स्थानीय उत्पादनको बजारीकरण र भण्डारणमा ध्यान दिनसके यसलाई दिगो आयआर्जनको माध्यम बनाउन सकिने उनको भनाइ छ ।

शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्कीले महिलाले फूलखेती गर्ने योजना सुनाएपछि समूह गठन गरी व्यवस्थित रुपमा अघि बढ्न सुझाव दिएको बताइन् । महिलालाई आत्मनिर्भर बनाउन र उनीहरुको प्रयासलाई निरन्तरता दिन सहजीकरण भइरहेको उनको भनाइ छ । तर दुखको कुरा के छ भने झापामा उत्पादित फूलले बजार धान्न सकेको इतिहास छैन ।

'नसोधी' बोलको गीत सार्वजनिक

दमक/ रंगकर्मी बारत लिम्बूको निर्देशनमा 'नसोधी' बोलको गीत सार्वजनिक भएको छ । गीतमा एक कलाकार क्यानभासमा आफ्ना स्मृतिहरुको यात्रा गर्छन् । जसको उद्देश्य हो नृत्यांगना श्रीमतीका धमिलिँदै गएका सम्झनाहरुलाई पुनः याद गर्नु । उनी हरेक दिन एउटा नयाँ चित्र कोर्छन् जहाँ उनीहरुले सँगै बिताएका पलहरु, ठाउँहरु र उनीहरुको प्रेमलाई उतार्ने प्रयास गर्छन ।

केवल उनको उद्देश्य भनेको श्रीमतीलाई फेरि ती सम्झनाहरुको संसारमा फर्काउन सकियोस् । तर, उनका हरेक प्रयासहरु केवल मौनता र हृदयविदारक पीडामा टुंगिन्छन् । के उनी आफ्नी श्रीमतीका हराएका सम्झनाहरुलाई फर्काउन सफल हुन्छन् । यही प्रश्नको जवाफ हो गीत 'नसोधी' ।

करिब एक दशकदेखि रंगमञ्च र चलचित्र क्षेत्रमा अभिनय तथा निर्देशन गर्दै आइरहेका निर्देशक बारातले गीत एउटा नयाँ किसिमको कथा पस्कन खोजेको बताए । गीतमा मनोवादको शब्द,संगीत र आवाज रहेको छ । कुन्साङ बमजन र झरना क्षेत्रीको अभिनय रहेको गीतमा मौसम खड्काको अतिथी कलाकारको रुपमा देखिए । गीतको मेकअप अर्टिस्टमा मोहन सुनुवार र नेबिका शिलाधर रहेको गीतमा नृत्य निर्देशन श्याम पटेल, विरेन श्रेष्ठ र शंकर थापा बिकेले गरेका छन् ।

कात्तिकमा १८ दिन सरकारी कार्यालय बन्द

दमक/ दसैँ-तिहारका पर्व बिदा र साप्ताहिक बिदा लगातार परेपछि कात्तिक महिनामा सरकारी कार्यालय, बैंक तथा सार्वजनिक सेवा प्रवाह गर्ने निकाय १२ दिनमात्र खुल्ने भएका छन् । ३० दिनको कात्तिकमा १८ दिन कार्यालय बन्द रहनेछन् ।

लगातार नौ दिनको सार्वजनिक बिदापछि सोमबारदेखि सरकारी कार्यालय, बैंक तथा अन्य सार्वजनिक सरोकारका निकाय सञ्चालनमा आएका छन् । तर, कार्यालय नियमित रूपमा सञ्चालन हुन अझै केही समय लाग्ने देखिएको छ । यो साताको शुक्रबारसम्म कार्यालय खुलेपछि शनिबार र आइतबार पुन: बिदा हुनेछ ।

कात्तिक १५ देखि २० गतेसम्म कार्यालय सञ्चालनमा रहनेछन् । त्यसपछि पाँच दिन कार्यालय खुलेलगत्तै छ दिन बिदा पर्नेछ । तिहारपछि कात्तिक २७ गते शुक्रबार र ३० गते सोमबारमात्र कार्यालय खुल्नेछन् ।

यस वर्ष दसैँअघि लगातार नौ दिन सार्वजनिक बिदा परेको थियो । उक्त अवधिमा चार दिन साप्ताहिक र पाँच दिन पर्व बिदा परेका थिए । यसअघि २०८१ सालमा दसैँअघि लगातार पाँच दिन र २०८२ सालमा छ दिन सार्वजनिक बिदा परेको थियो ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार आएपछि २०८२ चैत २३ गतेदेखि शनिबारसँगै आइतबार पनि साप्ताहिक सार्वजनिक बिदा दिने व्यवस्था लागू गरिएको थियो । सरकारले तत्काल उक्त व्यवस्थामा पुनर्विचार नगर्ने स्पष्ट पारेको छ ।

शनिबार र आइतबारको नियमित बिदासँगै पर्व तथा दिवसका बिदासमेत यथावत् रहँदा वर्षभरि सरकारी कार्यालय सञ्चालन हुने दिन घटेका छन् । यसले सेवाग्राहीले सरकारी सेवा लिन पाउने अवसरसमेत सीमित बनाएको छ ।

त्यसैगरी, कार्यालय बिहान ९ बजेदेखि खुल्ने व्यवस्था भए पनि सेवाग्राही भने बिहान १० बजेपछि मात्र पुग्ने गरेका छन् । कार्यालय खुल्ने दिन र समयको प्रभावकारी उपयोग हुन नसक्दा सार्वजनिक सेवा प्रवाह अपेक्षाअनुसार प्रभावकारी बन्न नसकेको देखिन्छ ।

प्रेरक भनाईहरु

- धनी हुनलाई 'सम्पत्तीको थुप्रो' होइन, 'सन्तुष्ट मन' चाहिन्छ । जब जिन्दगीमा तृप्ती मिल्छ तब साग-सिस्नु नै व्यञ्जन लाग्छ, झुपडी नै महल ।
- गुलावको बोटमा पनि काडा छ, चम्किलो चन्द्रमालाई पनि कालो दागले छोडेको छैन । देवकोटा पनि चुरोट पिउथे, हेमिंग्वे रक्सी खान्थे । नकरात्मकता हामी सबैभित्र हुन्छ तर हाम्रो प्रयत्न भनेको सकरात्मकताले त्यसलाई जित्नु हो ।
- हामीले मन्दिरमा पैसा चढाउदैमा कहिल्यै;धर्म हुदैन, धर्म त त्यो सेवा हो जुन बाटोमा सहयोगको याचना गरिरहेका भोका पेटहरूलाई चढाउदामा मिल्छ ।
- विश्व बदल्नु अघि देश बदल, देश बदल्नुअघि आफ्नो समाज बदल, समाज बदल्नु अघि आफ्नो परिवार बदल परिवार बदल्नु अघि आफैलाई बदल । आफूलाई बदल्नका लागि आफ्नो सोच बदल । लक्ष्य जती नै उच्च भए पनि सुरुवात आफैबाट गर ।
- जसले आफ्नो आत्मालाई ढाट्छ, उसले संसारलाई ढाट्न रत्तीभर पनि डर मान्दैन ।
- निराशाले चारैतिरबाट घेरा हालेका बेला आफ्नो सफलता र उपलब्धिको सम्झना गर्नुपर्छ । आफ्नो असफलताका बारेमा सोचेर बस्नुहुँदैन। अब केही पनि गर्न सकिँदैन भन्नुको साटो असफलतालाई खुसीसाथ स्वीकार गर्नुपर्छ। त्यसपछि एउटा नयाँ र राम्रो सुरूवातले तपाईंको बाटो पर्खिरहेको छ ।
- नकारात्मक विचारधारा भएका मानिसहरुबाट पनि केही सिक्न सकिन्छ, जसरी रातपछि दिन आउँछ ठीक त्यस्तै असफलतापछि सफलता मिल्छ।
- कसैले आफ्नो आलोचना गर्छ भने त्यसमा पटक्कै ध्यान दिनुहुँदैन । बरू त्यो व्यक्तिका बारेमा सोच्नुपर्छ जसले आफूप्रति विश्वास गर्छ।
- सबैलाई प्रेम गर, थोरैलाई विश्वस गर र कसैलाई पनि हानी नगर ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

६८ जनाकी एक्ली आमा

✍ उत्तम पोखरेल

उर्लावारी/ मोरङको उर्लाबारी नगरपालिका-७, आश्रम टोलस्थित 'नमूना बाल गृह'की संस्थापक मीना बराल । जसलाई त्यहाँका मात्र होइन, देश-विदेशका हजारौं मनहरूले श्रद्धापूर्वक ममी भन्छन् ।

२०५७ सालमा उर्लाबारीको ७ नम्बर वडास्थित चिउरा मिल भन्दा तलतिर, एक कट्ठा माटोबाट शुरु भएको थियो यो मानवीय धर्मको यात्रा । त्यतिबेला ११ जना दिदीबहिनीहरु मिलेर नारी सिर्जना कृषि सहकारी संस्थाको नाममा ३२ जोडी महिलालाई समेटेर शुरु गरिएको यो अभियान आज झाँगिदै एक विशाल वृक्ष बनिसकेको छ ।

मोरङ उर्लाबारीको चोकमा घर र १७ धुर जग्गा भएकी एक सामान्य महिला, जसको जीवन सहज ढङ्गले बग्न सक्थ्यो । तर उनले आफ्नो सुख सुविधा र व्यक्तिगत सम्पत्तिभन्दा माथि उठेर अनाथ र अभिभावकविहीन बालबालिकाको भविष्य निर्माणलाई आफ्नो जीवनको एकमात्र ध्येय बनाइन् । मीनाका अनुसार, यो संस्था उनको कान्छी छोरीजस्तै हो । शुरुका दिनमा केही महिलाहरूको मात्र सहभागिता रहेको यो संस्थामा अहिले २४०० भन्दा बढी महिला आबद्ध छन् । केही वर्ष चलाएपछि उक्त संस्था अरूलाई हस्तान्तरण गरेर उनी हाल नमूना बालगृहको सम्पूर्ण जिम्मेवारी सम्हालेर बसेकी छिन् ।

वर्तमानमा यो बालगृह एक बिघा जमिनमा फैलिएको छ, जहाँ देशैभरिका विभिन्न ठाउँबाट आएका ६८ जना असहाय नानीबाबुहरु आश्रित छन् । स्टाफ र बालबालिका गरी ७५ जनाको यो एउटा विशाल र मायालु परिवार बनेको छ । बालगृहमा आश्रित बालबालिकाको यथार्थ पनि उत्तिकै कहालीलाग्दो र मार्मिक छ । त्यहाँ चार वर्षका बालकदेखि तीन वर्षकी बालिकासम्म छन् । सबैभन्दा साना बालबालिकालाई कान्छा छोरा र कान्छी छोरी भनेर भन्ने गरेका छन् ।

ती सबै नानीहरु नियमित रुपमा विद्यालय जान्छन् । उनीहरुमध्ये कृति चेपाङ र सपना चेपाङजस्ता नानीहरूले कृषि विषयमा बीएससीएजी पढ्दै छन् भने अन्य केहीले स्नातक तहकै अध्ययन गर्दै छन् ।

बरालले आफ्नो कोखबाट जन्मिएका र बालगृहका यी अनाथ बालबालिकालाई कहिल्यै भिन्न महसुस गराइनन् । परिवारको आर्थिक अभाव चरम सीमामा छ । ७५ जनाको परिवार पाल्न ३० किलो चामल दुई छाकलाई पुग्दैन । नानीहरूको विद्यालयको शुल्क, स्वास्थ्य उपचार र पोसाकको जोहो गर्न हरेक दिन आमा मीनाको छातीमा ठूलै ढुङ्गा खस्छ । यस्तो दयनीय आर्थिक अवस्थाका बाबजुद पनि उनले बालबालिकाको शिक्षा र प्रतिभामा कहिल्यै आँच आउन दिइनन् ।

जब देशमा लकडाउनको कठिन समय चलिरहेको थियो, कोही बाहिर निस्कन पाइएको थिएन, तब मीनाले आफ्ना नानीहरूलाई घरभित्रै योगा अभ्यास गराउन थालिन् । त्यहीँबाट शुरु भएको थियो इतिहास रच्ने सिलसिला । प्रशिक्षण र अथक मेहनतले उनले गरेको प्रयास अहिले सफल भएको छ । बालगृहका ६-७ जना नानीबाबुहरु योगा प्रतियोगितामा कोशी प्रदेशबाट उत्कृष्ट भएर टपमा पर्न सफल भए । त्यसपछि राष्ट्रिय योगासना प्रतियोगितामा फर्स्ट, सेकेन्ड र थर्ड हुँदै उनीहरूले दिल्लीमा आयोजित एसियाली प्रतियोगितासम्म यात्रा तय गरे ।

एसियाली प्रतियोगितामा ती नानीहरूले ९ वटा मेडल जितेर देशको शिर उँचो बनाए । त्यति मात्र कहाँ हो र ? मलेसियामा आयोजित योगासनाको 'वर्ल्ड च्याम्पियनसिप'मा पनि बालगृहका ६ जनै बच्चा सहभागी भए । त्यहाँ दुईजना सेकेन्ड हुन सफल भए भने बाँकी टप फाइभभित्र परे । भर्खरै अहमदाबादमा सम्पन्न ७९ राष्ट्रको सहभागिता रहेको विश्वकप प्रतियोगितामा पनि ६ जना नै सहभागी भए । विभिन्न उमेर समूहका क्याटेगोरीमा प्रतिस्पर्धा गर्दै उनीहरूले ११ वटा विधामा दोस्रो स्थान हासिल गरे ।

अहमदाबाद, मलेसिया र एसियाली प्रतियोगितामा भाग लिन जाँदा लागेको ऋण अझै पनि मीनाको काँधमा भारी बनेर झुण्डिरहेको छ । अब यी प्रतिभावान नानीहरूलाई आगामी मे महिनामा इटालीमा हुन गइरहेको विश्वस्तरीय योगासना प्रतियोगितामा पठाउनुपर्नेछ । तर एउटा बच्चालाई इटाली पठाउने खर्च मात्र साढे तीन लाख रुपैयाँ लाग्छ ।

मीना भन्छिन्, 'एउटा सम्पन्न परिवारमा जन्मेको भए जन्मदिन वा अन्य बहानामा यति खर्च सामान्य हुन्थ्यो होला । तर हाम्रा लागि साढे तीन लाख भनेको आकाशको फल जस्तै हो ।'

उनको मनमा एउटा गहिरो पीडा छ- आज ती नानीहरूका साथी इटाली जान पाउँदा खुसीले गद्गद् छन्, तर उनका नानीहरु 'आमाबाबु नभएको, अनाथ भएकै कारण' क्षमता हुँदाहुँदै पनि संसार जित्नबाट वञ्चित हुनुपर्ने हो कि ? उनीहरूको बालमनमा पर्न सक्ने नैराश्यताले यो आमाको मुटु च्यातिएको छ । उनीहरु त आफ्ना हुनेखाने साथीहरूसँग दाँजेर 'हामी त अनाथ भयौं र पो पछाडि पर्‍यौं नभनून् भनेर मीना अहिले सहयोगका लागि कुदिरहेकी छन् । 'बिहान आश्रममा चना खाएर हिंडेको', कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा भेटिएकी उनले भनिन्, 'अहिले पनि गाडीमा चना बोकेर आएकी छु । सुगरको बिरामी हुँ ।'

तिनै ६ जना बालबालिकालाई खेलमा सहभागी गराउन उनी प्रदेशका विभिन्न मन्त्रालयमा धाइरहेकी छन् । मुख्यमन्त्री हिक्मत कार्की, सामाजिक विकास मन्त्री गीता तिम्सिना, आर्थिक मामिला तथा योजनामन्त्री विदुर लिङ्थेप लगायतका मन्त्रीलाई भेटेर उनले रुँदै आफ्नो समस्या राखेकी छन् । उनको क्षेत्रका सांसद उमाकान्त गौतम कोशी प्रदेशकै स्वास्थ्य राज्यमन्त्री छन् । उनलाई पनि बरालसहितको टिमले भटेको छ । १६-१७ वर्ष पुगिसकेका यी नानीहरूले आज राज्य र समाजलाई प्रश्न गरिरहेका छन् । 'यदि राज्यले वा कुनै सहयोगी मनले जिम्मा लिइदियो भने यी होनहार प्रतिभाहरूले देशको झण्डा अन्तर्राष्ट्रिय मञ्चमा अझै फहराउने थिए', उनी भन्छिन् ।

सुन्दर सार्की (दमक), चाँदनी शिवा दर्जी (पाँचथर), अनिता बिक (तेह्रथुम), जय चौधरी (झापा) र सोइचा थापा (मोरङ) जस्ता होनहार बालप्रतिभाहरु आज पनि अवसरको प्रतीक्षामा छन् । उनीहरूलाई जन्मदिने आमाबाबु फरक होलान्, तर आज उनीहरूको सिंगो संसार यही 'नमूना बाल गृह' र मीनाभित्रै सीमित छ ।

मीनाले आफ्नो उर्लाबारी चोकको घर र जग्गासमेत यही बालगृहका नानीहरूको खुसीका लागि समर्पित गरिन् । उनी भन्छिन्, 'म एक्लैले कति नै गर्न सक्छु र ? आफ्नो भएको सर्वस्व त समर्पण गरैं नै, अब त अन्त हिंडेर, मागेर, हात जोडेर भए पनि यिनीहरूको भविष्य बनाउन चाहन्छु ।'

बैंक खातामा सीमित रकम र दैनिक छाक टार्न धौधौ भए पनि उनको आत्मबल भने धर्मराएको छैन । जसले आमाको न्यानो काख पाएनन्, जसको जीवन अँध्यारो थियो, मीना बरालले तिनै अनाथ नानीहरूको जीवनमा योगाको आसनसँगै जीवनको सही अर्थ सिकाएकी छिन् । इटालीको मैदानमा नेपालको झण्डा फहराउन तिनै बालबालिका आतुर छन् ।

आज मिति
२०८३ साल
कात्तिक ११ गते
बुधबार
28 Oct. 2026
तिथि: द्वितिया

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	बोलीले शत्रु बढ्ने । अपरान्हबाट सामान्य धनलाभ ।
वृष	इ उ ए ओ वा वि वु वे वो	उत्तम खाना । अपरान्हबाट व्यापारबाट लाभ ।
मिथुन	का कि कु घ ङ छ के को	शुभ कर्ममा खर्च । मान्यजनबाट सहयोग ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	कृषि कार्यबाट लाभ । मान्यजनबाट सहयोग ।
सिंह	मा मि मु मे मो टा टि टु टे	पिताजीबाट सहयोग । आँखा वा पेटमा समस्या ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	वैदेशिक मार्गमा सुधार । शुभकर्ममा सरिक ।
तुला	हि हु हे हो डा डि डु डे डो	मनमा अशान्ति । आम्दानीमा कमी ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	व्यापारबाट लाभ । विपरित लिंगीबाट सहयोग ।
धनु	य यो भा भी भ धा फा ढ	अनाज किराना पसलबाट लाभ । प्रेममा सुधार हुने समय ।
मकर	भो जा जी खि खू खे खो गा गी	सन्तानसँग विवाद । कार्यमा निकै खट्नुपर्ला ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	आमाबाट सहयोग । घरायसी सामान जोडिन सक्ने ।
मीन	दि दु थ झ ञ दे दो चा ची	भाईबैनीबाट सहयोग । कार्यमा सफल, धन लाभ ।

दमक चौकमा चामलको पिठोबाट तयार गरिने घरेलु खाजा भक्का पकाउदै स्थानीय एक आदिवासी महिला।

अग्निपीडितलाई एमालेको ५० हजार सहयोग

✍ मनकुमार गदाल

दमक । झापाको दमक नगरपालिका–१० का अग्निपीडित चुडामणि न्यौपाने परिवारलाई नेकपा (एमाले) दमक–८ वडा कमिटीले ५० हजार १०० रूपैयाँ आर्थिक सहयोग गरेको छ ।

एमाले दमक–८ वडा कमिटीले पार्टीका संगठित सदस्य, शुभेच्छुक तथा शुभचिन्तकबाट संकलन गरेको रकम न्यौपानेको दमक–१० स्थित लालीगुराँस टोलमा रहेको घरमै पुगेर हस्तान्तरण गरेको हो ।

वडा कमिटीका अध्यक्ष खेमबहादुर श्रेष्ठले अग्निपीडित न्यौपानेलाई सहयोग रकम हस्तान्तरण गरिएको जानकारी गराए ।

गत असोज ७ गते साँझ करिब साढे ७ बजे विद्युत् सर्ट भएर न्यौपानेको घरमा आगलागी भएको बताइएको छ । एमाले दमक नगर कमिटीका सचिवालय सदस्यसमेत रहनुभएका न्यौपाने परिवारलाई केही राहत पुगोस् भन्ने उद्देश्यले सहयोग गरिएको वडा कमिटीका उपाध्यक्ष युवराज आचार्यले बताए ।

सहयोग हस्तान्तरणका क्रममा एमाले कोशी प्रदेश स्थानीय विभाग सदस्य तथा दमक–८ का वडाध्यक्ष दिपेश दाहाल, एमाले झापा जिल्ला कमिटी सदस्य एवं दमक–८ का इन्चार्ज राम प्रधान, कोशी निर्वाचन विभाग सदस्य प्रेम दंगाल, एमाले नेता प्रेम न्यौपानेसहितका नेताहरुको उपस्थिति रहेको थियो ।

एमालेले अग्निपीडित परिवारलाई राहत पुगोस् भन्ने उद्देश्यले सक्दो सहयोग गर्न सबैलाई आग्रह गरेको जनाएको छ ।

झापामा...सबैभन्दा बढी क्षति भएको छ। यस अवधिमा जिल्लाका विभिन्न स्थानमा १२ वटा आगलागीका घटना भएका छन्। ती घटनामा एक जना घाइते भएका छन् भने रु १० करोड ६६ लाख ८२ हजार ९७५ बराबरको सम्पत्ति जलेर नष्ट भएको छ।

यसैगरी, जङ्गली जनावरको आक्रमणका नौ वटा घटना भएका छन्। ती घटनाबाट रु तीन लाख ८९ हजार बराबरको क्षति भएको प्रहरीको तथ्यांक छ। जंगली जनावरको आक्रमण तथा जोखिममा परेका चार जनाको उद्धार गरिएको प्रहरीले जनाएको छ।

त्यस्तै, चट्याङको एउटा घटनाबाट एक लाख बराबरको क्षति भएको छ। प्रहरीले आगलागीबाट जोगिन विद्युतीय उपकरण तथा आगोको प्रयोगमा सावधानी अपनाउन र वन तथा मध्यवर्ती क्षेत्र आसपासका बासिन्दालाई जंगली जनावरबाट सुरक्षित रहन सतर्कता अपनाउन आग्रह गरेको छ।

कांग्रेस......समितिका सदस्य सचिव राजु कटुवालले हस्ताक्षर गरेको सूचनामार्फत शपथ ग्रहण कार्यक्रमबारे जानकारी गराइएको हो । नवनिर्वाचित सभापति गगनकुमार थापाको शपथ भने दशैं अगाडि नै भइसकेको छ ।

निर्वाचनमा १२ अर्ब डलर खर्च हुने अनुमान

एजेन्सी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बाँकी दुई वर्षको कार्यकालको राजनीतिक दिशा निर्धारण गर्ने मध्यावधि निर्वाचन नोभेम्बर ३ मा हुँदैछ। कङ्ग्रेसका दुवै सदन, ३६ राज्यका गभर्नर र हजारौँ राज्यस्तरीय पदका लागि हुने निर्वाचनमा राजनीतिक विज्ञापनमा करिब १२ अर्ब अमेरिकी डलर खर्च हुने अनुमान छ।

प्रतिनिधिसभाका ४३५ सिटमध्ये बहुमतका लागि २१८ सिट आवश्यक पर्छ। अहिले रिपब्लिकनसँग २१८ र डेमोक्रेटसँग २१४ सिट छन्। डेमोक्रेटले बहुमतका लागि कम्तीमा तीन सिटको खुद लाभ लिनुपर्नेछ। सिनेटका ३५ सिटमा पनि निर्वाचन हुँदैछ।

अहिले रिपब्लिकनसँग ५३ र डेमोक्रेटलाई समर्थन गर्ने दुई स्वतन्त्र सदस्यसहित ४७ सिट छन्। सिनेटको नियन्त्रण लिन डेमोक्रेटले चार सिटको खुद लाभ लिनुपर्नेछ।

मत सर्वेक्षणमा डेमोक्रेटले राष्ट्रिय स्तरमा अग्रता देखाएका छन्। पीबीएस न्युज, एनपीआर र मेरिस्टको सर्वेक्षणमा डेमोक्रेटलाई ५३ प्रतिशत र रिपब्लिकनलाई ४१ प्रतिशत समर्थन प्राप्त भएको थियो। ट्रम्पको कार्यसम्पादनप्रतिको अनुमोदन दर विभिन्न सर्वेक्षणमा ३२ देखि ४१ प्रतिशत देखिएको छ। एनबीसी न्युजको सर्वेक्षणमा ५५ प्रतिशतले उनका नीतिले अर्थतन्त्रलाई हानि पुऱ्याएको र २६ प्रतिशतले सहयोग गरेको बताएका थिए।

विज्ञापन अनुगमन कम्पनी एडइम्प्याक्टले यस निर्वाचन चक्रमा विज्ञापन खर्च ११ अर्ब ६० करोड डलर पुग्ने अनुमान गरेको छ। काइनेटिक पोलिटिकल इनसाइट्सको अनुमान ११ अर्ब ९६ करोड डलर छ। सन् २०२२ को मध्यावधि निर्वाचनमा आठ अर्ब ९० करोड डलर खर्च भएको थियो। क्यालिफोर्नियाको गभर्नर पदको प्रारम्भिक निर्वाचनमा मात्रै ३३ करोड डलर विज्ञापनमा खर्च भएको थियो।

यस वर्ष कंग्रेसका प्रारम्भिक निर्वाचनमा दुई हजार ४९७ उम्मेदवार सहभागी भएका थिए। प्रतिनिधिसभाका ४४ प्रतिस्पर्धामा सन् २०२४ का प्रमुख दलका उम्मेदवार पुनः भिड्दैछन्। राज्य तथा स्थानीय निर्वाचनसमेत जोड्दा देशभर यस्ता पुनः प्रतिस्पर्धा ४७४ पुगेका छन्।

सप्तकोशीमा...._नीता मगरका सात वर्षीय छोरा शिवक मगर, सुनसरीको बराहक्षेत्र नगरपालिका– १ की २१ वर्षीया प्रमिला मगर र सोही स्थानकी २२ वर्षीया मनु राई छन् । मंगलबार पनि खोजी कार्यलाई निरन्तरता दिइने उनले बताए । दुर्घटनामा तीनजनाको मृत्यु भएको थियो ।_

चारसचिव सहित...

अवधि पुगेको वा ५५ वर्ष पुगेका कर्मचारीले राजीनामा दिनु पर्ने व्यवस्था राखिएपछि कर्मचारीहरूले धमाधम राजीनामा दिएका हुन् ।

अध्यक्ष....._स्वीकृत भइरहेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ। अध्यक्ष गुरागाईं पछिल्लो समय अतिरिक्त भत्ता बुझेको, अदालतको आदेशविपरीत कर्मचारी बढुवा सिफारिस गरेको विषयमा विवादमा तानिएका थिए । आयोगको निष्पक्षतामाथि प्रश्न उठाउँदै विरोध भएपछि उनी नैतिक संकटमा परेका थिए।_

खेलकुद- एनपीएल

विराटनगरविरुद्ध चितवनको रोमाञ्चक जित

दमक/ नेपाल प्रिमियर लिग सिजन ३ को दोस्रो खेलमा चितवन राइनोजले रोमाञ्चक जित दर्ता गरेको छ। बलियो मानिएको विराटनगर किंग्सलाई मंगलबार चितवनले ८ रनले पराजित गरेको हो। १५८ रनको चुनौती पच्छ्याएको विराटनगर ३ बल बाँकी छँदा १४९ रनमा समेटियो।

इमरान शेखले ३९ र आन्द्रे रसेलले ३३ रनको आक्रामक पारी खेले पनि टीमलाई जितसम्म डोहोऱ्याउन सकेनन्। चितवनका लागि कमल सिंह ऐरीले सर्वाधिक ४ विकेट लिए।

कीर्तिपुरस्थित टीयू अन्तराष्ट्रिय क्रिकेट रंगशालामा टस हारेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर १५७ रन जोडेको थियो।

चितवनको पारीमा डेविड मलानले सर्वाधिक ७० रनको पारी खेले। कप्तान रवि बोपाराले ३२ रन जोडे। विराटनगरका लागि एन्जेलो म्याथुज, आन्द्रे रसेल र चरिथ असलङ्काले समान १ विकेट लिए।

२० हजार......

सामीप्यता, नेतृत्व क्षमताको तालिम, समावेशिता र आन्तरिक प्राइमरी निर्वाचनलाई निश्चित प्रतिशत अंक छुट्ट्याइएको छ ।

'प्राइमरीमा चार वटा कम्पोनेन्ट छन्, एउटा संघमा भएजस्तै प्रक्रिया छ भने एउटा पोलिटिकल प्रोक्सिमिटी (राजनीतिक सामीप्यता) को २५ प्रतिशत भारअंक हुन्छ । लिडरसिप एकेडेमी (पार्टी नेतृत्व प्रतिष्ठान) को २५ प्रतिशत हुन्छ । त्यसपछि १० प्रतिशत समावेशिताको हुन्छ अनि बाँकी ४० प्रतिशतचाहिँ प्राइमरी इलेक्सन (आन्तरिक निर्वाचन) को हुने पार्टीले जनाएको छ ।

सो ४० प्रतिशतको प्राइमरी निर्वाचनलाई पनि १०० प्रतिशत मानेर तल्लो तहका कार्यकर्तालाई निर्णायक शक्ति दिइएको छ । केन्द्रीय नेतृत्वको हस्तक्षेपलाई घटाएर स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको रास्वपाका सचिवालय सदस्य लिमा अधिकारीले बताइन् । 'त्यो ४० प्रतिशतलाई पनि फेरि भित्र डिभाइड गरिएको छ । त्यसलाई फेरि टुक्राएर १०० प्रतिशत बनाउँदा ६० देखि ७० प्रतिशत सबैभन्दा धेरै भारअंक वडालाई दिइएको छ । त्यसपछि पालिका, जिल्ला, निर्वाचन क्षेत्र र प्रदेशहरुलाई बाँडिएको छ । केन्द्रका केन्द्रीय सदस्य र सांसदहरूलाई त त्यसको जम्मा १० प्रतिशत मात्रै भारअंक दिइएको छ, त्यसरी मिलाइएको छ,' उनले भनिन् ।

यो व्यवस्थाले गर्दा केन्द्रमा नेताको चाकडी गरेर टिकट फुत्काउने परिपाटी पूर्ण रूपमा बन्द हुने र स्थानीय स्तरमै लोकप्रिय व्यक्ति मात्र उम्मेदवार बन्न सक्ने रास्वपाको विश्वास छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हकदाबी गर्न आउने बारेको सुचना

यस कार्यालयमा मिति २०८०।०७/१७ मा दर्ता भएको **साथी मल्टी एग्रो प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३२२७५५)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीले तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०५बस्ने शहर बाहादुर दाहालको नाममा दर्ता कायम रहेको साबिक मधुमल्ला-५/ख मा भएको कि.नं. २४७५ ज.वि. ०-०-८-३मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पूर्वतर्फ सँधियार इन्द्र माया थेगिम पश्चिम् तर्फ राम बहादुर बि.क. उपस्थित नहुनु भएको हुँदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

सुरक्षित यात्रा गरौं ।

❖ सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
❖ सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
❖ बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक–८, झापा

विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।

साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।

प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com